नेपाल सरकार
शिक्षा मन्त्रालय

## परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुर ।

# २०६९ सालको एसएलसी परीक्षा (नियमित तथा एक्जेम्टेड) को समयतालिकासम्बन्धी सूचना ।

२०६९ सालको एसएलसी परीक्षा देहायबमोजिमको कार्यतालिकाअनुसार सञ्चालन गर्ने-गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ :

**समयतालिका**

**परीक्षा सञ्चालन समय : बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म**

| क.सं | मिति | विषय |
|---|---|---|
| १ | २०६९ साल चैत १ गते बिहीबार | अनिवार्य अंग्रेजी<br>वेदविद्याश्रमतर्फ– अनिवार्य संस्कृत व्याकरण र अनुवाद |
| २ | २०६९ साल चैत २ गते शुक्रबार | अनिवार्य नेपाली<br>गैरनेपाली परीक्षार्थीहरूको लागि अङ्ग्रेजी (Elective English) |
| ३ | २०६९ साल चैत ४ गते आइतबार | अनिवार्य गणित |
| ४ | २०६९ साल चैत ५ गते सोमबार | अनिवार्य विज्ञान<br>वेदविद्याश्रमतर्फ – अनिवार्य संस्कृत भाषा र साहित्य |
| ५ | २०६९ साल चैत ६ गते मङ्गलबार | अनिवार्य सामाजिक अध्ययन |
| ६ | २०६९ साल चैत ७ गते बुधबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा<br>वेदविद्याश्रमतर्फ – अनिवार्य कर्मकाण्ड<br>संस्कृततर्फ – अनिवार्य संस्कृत भाषा |
| ७ | २०६९ साल चैत ८ गते बिहीबार | ऐच्छिक प्रथमपत्रका सबै विषयहरू |
| ८ | २०६९ साल चैत ९ गते शुक्रबार | ऐच्छिक द्वितीयपत्रका सबै विषयहरू |

***द्रष्टव्य***

१. निर्धारित परीक्षा अवधिमा कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्वसूचनाविना परीक्षा स्थगित हुनेछैन ।
२. नियमित तथा एक्जेम्टेड दुवै समूहतर्फको परीक्षा उपर्युक्त तालिकाअनुसार एउटै समयमा एकै किसिमका प्रश्नहरूबाट हुनेछ ।
३. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।
४. परीक्षा केन्द्रहरूको जानकारी सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरूबाट हुनेछ ।
५. तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरूलाई परीक्षाको अर्को व्यवस्था गरिनेछैन ।
६. प्रवेशपत्रमा उल्लिखित सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा रद्द हुनेछ ।
७. उपर्युक्त तालिकाअनुसारको परीक्षा सकिएलगत्तै अंग्रेजी र कम्प्युटर विज्ञान विषयको बाह्य प्रयोगात्मक परीक्षा सञ्चालनको व्यवस्था सम्बन्धित जिल्ला शिक्षा कार्यालयले मिलाउनुपर्नेछ । *त्यसको परीक्षा दस्तुर र प्रकिया गत-विगत वर्षकै अनुसार हुनेछ ।*
८. नियमित तथा एक्जेम्टेड दुवै समूहका परीक्षार्थीहरूको परीक्षा केन्द्र परिवर्तन हुनेछैन ।
९. मूल तथा थप उत्तरपुस्तिकाको व्यवस्था परीक्षा नियन्त्रण कार्यालयबाट जिल्ला शिक्षा कार्यालय मार्फत गरिनेछ ।
१०. परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी (नोटिस बोर्ड नम्बर : १६१८०१६६३११४६, फोन नम्बर ६६३०७३९, ६६३०८१९, ६६३००७०, ६६३११४६) मा सम्पर्क गर्न सकिनेछ । यो विवरण परीक्षा नियन्त्रण कार्यालयको **website: www.soce.gov.**np मा पनि हेर्न सकिनेछ ।

**परीक्षार्थीले रजिष्ट्रेसन-आवेदन फाराम भर्दा फाराममा उल्लेख गरेको जन्ममिति वा नाम, थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक पाइएमा र उक्त फरक परेको विवरण संशोधन गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयहरुले संशोधन गर्नुपर्ने विवरण २०७० साल वैशाख मसान्तभित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । अन्यथा उक्त विवरण संशोधन गर्न नसकिने व्यहोरा जानकारी गराइन्छ ।**